अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १९/०७८/०७९ **मितिः**२०७९/०३/०८

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अधिकृत प्रशासन शाखा | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

**मिति २०७९ साल आषाढ ८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

(१) अघिल्लो कार्यपालिका बैठकको निर्णयको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

(२) अर्जुनधारा नगरपालिका क्षेत्र भित्रबाट वहने नदीहरुमा रहेका नदीजन्य पदार्थको उत्खनन तथा विक्रीबाट प्राप्त हुने आय नगरपालिकाको राम्रो आम्दानीको श्रोत हुने र राजश्व बाँडफाँड तथा मूल्य अभिवृद्धि कर मार्फत प्रदेश सरकार तथा नेपाल सरकारलाई समेत राजश्व संकलन हुने अवस्था रहेकोमा नदीजन्य पदार्थको उत्खनन संकलन तथा विक्रीका सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङकन गर्नु आवश्यक रहेकाले सोको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिका क्षेत्र भित्र जंगली हात्तीको प्रकोपबाट ठूलो मात्रामा जनधनको क्षति भई राहत पाउन भनी पिडितबाट निवेदन प्राप्त हुने गरेकोमा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का समेतलाई आधार मानी क्षतिको अवस्था अनुसार नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी पिडितहरुलाई रु ५ हजार देखि रु १० हजार सम्मको राहत उपलब्ध गराउने निर्णय गरियो ।

साथै, अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री खड्गबहादुर नेपालको घर गोठमा आगलागी भई अन्दाजी रु ५ लाख बराबरको क्षति भएको भनी राहत उपलब्ध गराइदिन ९ नं वडा कार्यालयको सिफारिस सहित निवेदन गर्नु भएकोमा निजलाई विपद् व्यस्थापन कोषबाट खर्च लेख्ने गरी रु २० हजार राहत उपलब्ध गराउने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका वडा नं ४ बस्ने श्री तेजकुमारी चेम्जोङ्गकी छोरी वर्ष ४ की ससिना चेम्जोङ्गको पैनीमा डुबेर मृत्यु भई राहतका लागि सिफारिस सहित निवेदन प्राप्त भएकोमा निजको परिवारलाई राहत स्वरुप विपद् व्यवस्थापन कोषबाट रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

(५) १ नं प्रदेश सरकार तथा अर्जुनधारा नगरपालिकको लागत साझेदारीमा गोरखकाली मनकामना अध्ययन अनुसन्धान केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको अर्जुनधारा नगरपालिकाको राजश्व सुधार कार्ययोजना बैठकमा जानकारी भई स्वीकृत गरियो ।

(६) निवेदक नरेन्द्रमान तामाङ्ग समेत विपक्षी जिल्ला झापा अर्जुनधारा नगरपालिकाको कार्यालय समेत भएको रिट नं ८७ (०७८-wo-००५४) को निषेधाज्ञा परमादेश मुद्दामा यस नगरपालिका तथा नगर कार्यपालिकाको कार्यालयको तर्फबाट उक्त मुद्दामा लिखित जवाफ पेश गर्न, निवेदन गर्न, उक्त मुद्दाको तारेखमा रहन, कानून व्यवसायी नियुक्त गर्न र वारेश मुकरर लगायतका सो मुद्दासँग सम्बन्धित सम्पूर्ण प्रशासनिक काम कारबाही गर्नका लागि नगर कार्यपालिकाको कार्यालय, न्यायिक समितिको सचिवालयमा कार्यरत कर्मचारी श्री मायाकुमारी ऐरलाई अख्तियारी दिने र सम्मानित उच्च

अदालत विराटनगर, इलाम इजलासबाट यस कार्यालयको नाममा जारी भएको आदेश कार्यान्वयनको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(७) अर्जुनधारा नगरपालिका वडा नं ५ को सन्थाल बस्ती तथा वडा नं ११ को देउनिया टोलमा वर्खाको समयमा आवताजावत गर्नका लागि अस्थायी बासँको पुल निर्माण गर्नका लागि सहयोग माग भई आएकोमा रु १५ हजारका दरले सहयोग उपलब्ध गराउने निर्णय गरियो ।